नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १८३ २०७८ साल फागुन ७ गते शनिबार (19 Feb. 2022 Saturday) मूल्य रु. ५/-

मानवीय लापरबाही नै कोभिड संक्रमणको मुख्य कारण हो । सानो असावधानीले पनि महामारीको रूप लिन सक्दछ। कसैलाई सामान्य मात्र प्रभाव पार्ने सरूवा रोग कसैका लागि ज्यान लिने कारण बन्न सक्दछ । त्यसैले सचेत रहौं, स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : स्वविपु निर्वाचन : १३... ३ पृष्ठमा : स्थानीय तह निर्वाचन प्रयोजनका ... ३ पृष्ठमा सन् २०२१ सम्ममा १ लाख ...

## किसानलाई एक अर्ब निकासा

काठमाडौ, ६ फागुन (रासस)।

सरकारले धानबालीमा क्षति पुगेका किसानलाई राहत रकम उपलब्ध गराउन रु एक अर्ब निकासा गरेको छ। हाललाई जिल्ला विपद् व्यवस्थापन समितिबाट यकिन भई आएका जिल्लालाई मापदण्ड बमोजिमको आधार र प्रक्रिया पूरा गरी रकम उपलब्ध गराउने निर्णय भएको गृह मन्त्रालयले जनाएको छ ।

गृह मन्त्रालयका सचिव टेकनारायण पाण्डेको अध्यक्षतामा कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव समेतको उपस्थितिमा बसेको बैठकले धानबालीमा क्षति पुगेका किसानलाई मात्र राहत रकम उपलब्ध गराउने निर्णय गरेको हो । मापदण्ड, २०७८ ले निर्धारण गरेको आधार र प्रक्रिया बमोजिम राहत उपलब्ध गराउन लागिएको छ ।

देशका विभिन्न भागमा गत असोज ३१ देखि कात्तिक ३ गतेसम्म बेमौसमी वर्षाको कारण धानबालीमा क्षति पुग्दा विभिन्न जिल्लाका किसान प्रभावित भएका थिए । किसानलाई राहत उपलब्ध गराउने सम्बन्धमा गत कात्तिकमा सरकारले धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउनेसम्बन्धी मापदण्ड, स्वीकृत गरेको थियो ।

अर्थ मन्त्रालयबाट निकासा प्राप्त रकम केन्द्रीय विपद् व्यवस्थापन कोषमा ल्याई सो रकम मध्ये धानबालीमा क्षति पुगेका ईलाम, तेह्रथुम, सङ्खुवासभा, धनकुटा, सिरहा, बारा, रौतहट, मकवानपुर, रसुवा, काभ्रे, सिन्धुली, स्याङ्जा, कास्की, पर्वत, बर्दिया, दाङ, रोल्पा, पाल्पा, अर्घाखाँची, गुल्मी, रुपन्देही, बाँके, प्यूठान, हुम्ला, जुम्ला, कालिकोट, डडेल्धुरा, बाजुरा, बैतडी, कन्चनपुर र कैलालीका किसालाई राहत उपलब्ध गराउन निर्णय भएको हो । तत् जिल्ला विपद् व्यवस्थापन कोषमा रु ८५ करोड चार लाख यही फागुन २ गते रकम निकासा भइसकेको गृह मन्त्रालयले जनाएको छ ।

## कंचनरुप निवासी चौधरीमा कालाजारको पुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

सप्तरीको कंचनरुप नगरपालिकाका एक स्थानियमा कालाजारको पुष्टि भएको छ ।

स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले कंचनरुप नगरपालिका ११ निवासी ४८ वर्षीय शुभनारायण चौधरीमा कालाजार भएको पुष्टि भएको जानकारी दिएका छन् ।

स्वास्थ्य कार्यालयका प्रमुख यादवले चौधरी केही समयदेखि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गराउँदै आएको र सोही क्रममा गत माघ ११ गते उनमा कालाजार पुष्टि भएको बताए ।

यसैबीच सो नगरपालिका प्रमुख वसन्तकुमार मिश्रले यसबारे आफुलाई कुनै जानकारी नरहेको बताएका छन् । हाल चौधरीको सोही अस्पतालमा उपचार भइरहेको छ ।

## काँग्रेस सप्तरीका क्षेत्रिय समिती सदस्य कुलदिपको निधन

**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

नेपाली काँग्रेस सप्तरीका क्षेत्रिय समिती सदस्य कुलदिप देवको शुक्रवार विहान निधन भएको छ । ४० वर्षिय कुलदिपको ब्रेन ह्याम्रेज भई निधन भएको परिवारजनले जनाएको छ ।

उनको उपचारको क्रममा शुक्रवार विहान ४ बजे तिर विराटनगरस्थित न्युरो अस्पतालमा निधन भएको हो । स्वास्थ्यमा समस्या देखिएपछि दुई दिन अघि




अस्पताल भर्ना गरिएको थियो ।

नेविसंघको जिल्ला सदस्य समेत रहिसकेका कुलदिपका पिता ननुलाल देवको एक महिनाअघि मात्र निधन भएको थियो । ७० वर्षिय ननु लालको गत माघ ५ गते निधन भएको थियो ।

महिना दिन नवित्दै परिवारका दुई सदस्य गुमाएका राजविराज ८ निवासी देव परिवार अहिले शोकमा डुबेका छन् ।

उनको पार्थिव शरिरमा काँग्रेस क्षेत्र नम्बर २ का सभापती महानन्द यादव, सचिव मनोज माझी, महाधिवेशन प्रतिनीधी मो.इर्साद अन्सारी, ध्रुव देव, पार्टी प्रवक्ता प्रभात कुमार ललन, नगर सभापती आनन्द झा, उपसभापती अनिल यादव, पुर्व नगर सभापती शम्भुलाल देव, बुथ सभापती मनोज दास, घन्सी साह, रमानन्द देव, राजकुमार परियार, पुर्ण कुमार आले मगर लगायतले पार्टीको झण्डा ओढाएर अन्तिम श्रद्धान्जली दिएका थिए ।

देवका श्रीमती ललिता, छोरा अभिषेक र छोरी प्राची छन् । उनको पार्थिव शरीरलाई सप्तकोशी नदी किनारमा शुक्रवार नै देवको अन्त्येष्ठी गरिएको छ ।

अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

### न्यायिक समिति बारे जनचेतना अभाव

सप्तरी जिल्लालाई मुलुककै बढी मुद्दा दर्ता हुने जिल्लाको रुपमा चिनिन्छ । यस जिल्लाका अदालतहरुमा सानो भन्दा सानो जालझेल, जग्गा सम्बन्धी, झगडा लगायतका अन्य विभिन्न खाले मुद्दाहरु दिनहुँ दर्ता हुने गरेको छ । समाजबाटै समाधान हुने खालका मुद्दाहरु पनि अदालतमा दर्ता हुने गरेको पाइएको छ । यस जिल्लालाई बढी जग्गा खिचलो तथा जग्गा सम्बन्धीको मुद्दा दर्ता हुने गरेको छ । यस्ता मुद्दाहरुको छिनोफानो हुन निकै समय लाग्ने गर्दा पनि आफ्नो जुंगाको लडाईलाई कायम राख्न पनि दर्ता गर्ने गरिन्छ ।

नेपालभरि सप्तरीलाई जग्गा सम्बन्धी बढी मुद्दा दर्ता हुने जिल्लाको रुपमा चिनिन्छ । सरकारले स्थानिय तहमै विभिन्न मुद्दा छिनोफानोका लागि न्यायिक समितिको गठन गरेको छ । तर, पनि यस समितिमा मुद्दा आउनुको साटो प्रहरी र अदालतमा अहिले पनि सानो भन्दा सानो मुद्दा दर्ता हुने गरेको छ । न्यायिक समितिको बारेमा स्थानियस्तरमा पहुँच नहुनुले मुद्दाहरु अदालत जाने गरेको हुनसक्छ ।

तसर्थ यसका लागि स्थानिय तहहरुले न्यायिक समितिको काम, कर्तव्य र विश्वसनियता सम्बन्धी जानकारीका साथै जनचेतना जगाउनु पनि आवश्यक रहेको छ ।

# स्ववियु निर्वाचन : १३ वर्षदेखि नियमति हुन सकेन

काठमाडौँ, ६ फागुन (रासस) ।

त्रिभुवन विश्वविद्यालयका क्याम्पसमा विगत एक दशकदेखि स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुन सकेको छैन । प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन २०६५ सालयता नियमित हुन सकेको छैन ।

पञ्चायतकाल, सशस्त्र द्वन्द्व, राजाको प्रत्यक्ष शासनकालमा पनि नियमित हुँदै आएकोमा अहिले मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि भने स्ववियु निर्वाचन १३ वर्षदेखि हुन सकेको छैन । गणतन्त्र स्थापना भएपछि एक पटक मात्र भएको निर्वाचन त्यसपछि भने नियमित हुन नसकेको हो ।

त्रिविले शैक्षिक क्यालेण्डरमा नै हरेक दुई वर्षमा फागुन १४ गते स्ववियु निर्वाचनको कार्यतालिका राखेर निर्वाचन गराउँदै आएको थियो । विसं २०६५ सम्म नियमित हुँदै आएको निर्वाचन अहिले भने रोकिएको छ । विसं २०६५ पछि एकै पटक आठ वर्षपछि २०७३ चैत १५ गते भएको थियो । २८ वर्ष उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू भएपछि नियमति स्ववियु निर्वाचन भएको छैन । पछिल्लो पटक उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू भएपछि पहिलो पटक २०७३ सालमा त्रिविले स्ववियु निर्वाचन गराए पनि आंशिकरूपमा केही क्याम्पसमा मात्र भएको थियो तर त्यसपछि यता पटक-पटक त्रिविले स्ववियु निर्वाचन घोषणा गरे पनि हुन सकेको छैन ।

अनेरास्ववियुका अध्यक्ष सुनिता बरालले आफ्नो सङ्गठन स्ववियु निर्वाचनका लागि तयार रहेको बताउनुभयो । उहाँले अहिले फागुन १४ गते हुन नसके पनि चैतमा चुनाव गर्नुपर्ने बताउनुभयो । "नेपालको शैक्षिक नीति परिवर्तनका लागि मुख्य भूमिका खेल्ने स्ववियु अहिले क्याम्पसमा रहेको छैन", उहाँले भन्नुभयो, "नेपालको विद्यार्थी आन्दोलनलाई रक्षा गर्ने स्ववियुको निर्वाचन चाँडै तोक्नुपर्दछ ।"

उहाँले त्रिविलाई स्ववियु निर्वाचनको मिति तोक्नसमेत आग्रह गर्नुभयो । "त्रिविले स्ववियु निर्वाचनका सम्बन्धमा चाँडै नै विद्यार्थी सङ्गठनबीच छलफल गरेर मिति तोक्नुपर्दछ", उहाँले भन्नुभयो, "हामी विद्यार्थी सङ्गठन पनि असहमतिका बाबजुद सहमति खोजेर लामो समयदेखि हुन नसकेको निर्वाचन गर्नु पक्षमा छौं ।"

नेपाल विद्याथी सङ्घका नेता बलदेव तिमिल्सेनाले त्रिविले चाँडै निर्वाचनको मिति घोषणा गर्नुपर्ने बताउनुभयो । उहाँले त्रिविका पदाधिकारीको गैरजिम्मेवारीपन कार्यले निर्वाचन हुन नसकेको बताउनुभयो । "हामीले निर्वाचन कार्यतालिका तत्काल प्रकाशन गर्न दवाव दिएका छौँ", उहाँले भन्नुभयो, "यदि एक हप्ताभित्र निर्वाचनको तालिका प्रकाशन नगरे हामी त्रिविका विरुद्ध निर्वाचन गर्न दबाब दिँदै सङ्घर्षका कार्यक्रम सार्वजनिक गर्दछौँ ।"

**उमेर हदबन्दी र मिश्रित प्रणाली मान्छौँ**

उहाँले उमेर हदबन्दी र निर्वाचन प्रणालीको कारणले स्ववियु निर्वाचन प्रभावित भएको हुन सक्ने बताउनुभयो । उहाँले आफ्नो सङ्गठन उमेर हदबन्दी र प्रणालीमा लचकता अपनाउने बताउनुभयो । "उमेर हदबन्दी र प्रणालीप्रति हाम्रो अझै असहमति छ", उहाँले भन्नुभयो, "तर निर्वाचनका लागि भने ३० वर्ष उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणालीमा हामी सहमति गरेर जान्छौं । हाम्रै कारणले निर्वाचन हामी रोक्दैनौँ ।" उहाँले त्रिवि सभा र क्याम्पस व्यवस्थापन समितिमा विद्यार्थीको भावना प्रतिनिधित्व गर्दै स्ववियुका पदाधिकारी जाने गर्दथ्ये", उहाँले भन्नुभयो, "तर अहिले विगत १३ वर्षदेखि स्ववियुका प्रतिनिधित्व हुन सकेको छैन ।"

अनेरास्ववियु (क्रान्तिकारी)का अध्यक्ष पञ्चा सिंहले स्ववियु निर्वाचनका लागि आफ्नो सङ्गठन तयार रहेको बताउनुभयो ।

उहाँले आफूहरूले स्ववियु निर्वाचनको मिति तत्काल तोक्न त्रिवि पदाधिकारीसँग आग्रह गरिसकेको समेत बताउनुभयो । उहाँले तत्काल स्ववियु निर्वाचनको मिति नतोके आन्दोलनका कार्यक्रम पनि गर्ने जानकारी दिनुभयो । अध्यक्ष सिंहले केही विद्यार्थी सङ्गठन हार्ने डरका कारण पनि निर्वाचनबाट भागेको हुन सक्ने बताउनुभयो ।

अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले हाम्रो सङ्गठन तयार रहेको बताउनुभयो । उहाँले स्ववियुको गरिमा बढाउनका लागि निर्वाचन आवश्यक रहेको बताउनुभयो । "राजाको प्रत्यक्ष शासनकालमा पनि भएको निर्वाचन आज लोकतान्त्रिक गणन्त्रको शासनमा नहुन दुःखद् हुनु हो", उहाँले भन्नुभयो, "त्रिविले चाँडै नै स्ववियु निर्वाचनको मिति घोषणा गरोस् ।"

स्ववियु निर्वाचन मिश्रित निर्वाचन प्रणालीमा रहेको छ । सभापति, सचिव र कोषाध्यक्ष प्रत्यक्ष निर्वाचन तथा उपसभापति र सहसचिव समानुपातिक र ५० प्रतिशत सदस्य समानुपातिकबाट चयन हुन्छन् । अनेरास्ववियुका अध्यक्ष पराजुलीले स्ववियु निर्वाचन गर्नका लगि त्रिविले पहलकदमी लिनुपर्ने बताउनुभयो ।

त्रिवि सभाका निवर्तमान सिनेटर तथा आरआर क्याम्पसका निर्वतमान सभापति तपेन्द्र शाहीले स्ववियु निर्वाचन नहुनेमा विद्यार्थी सङ्गठन र त्रिवि पदाधिकारी नै दोषी रहेको बताउनुभयो । "त्रिविका पदाधिकारी पनि स्ववियु निर्वाचन गर्न जोखिम लिँदैनन्", उहाँले भन्नुभयो, "विद्यार्थी सङ्गठन आफू हार्ने डरले निर्वाचनमा सहभागी नभएर विभिन्न आन्दोलन गरि निर्वाचन भाड्ने काम गर्दछन् ।" उहाँले स्ववियु निर्वाचन नहुँदा त्रिविमा विभिन्न नाममा विद्यार्थी सङ्गठनले अराजकता मच्चाइरहेको समेत बताउनुभयो ।

**स्ववियु निर्वाचन गर्न आतुर**

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले स्ववियु निर्वाचन गर्नबारे प्रधानमन्त्री शेरबहादुर देउवा र गृहमन्त्री बालकृष्ण खाँणसँग परामर्श भइरहेको बताउनुभयो । "लामो समय स्ववियु निर्वाचन नभएकाले सरकारसँग हामी परामर्श गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

उहाँले त्रिवि पनि स्ववियु निर्वाचन गर्न आतुर रहेको बताउनुभयो । "विद्यार्थीको आधिकारिक नेतृत्व नहुँदा त्रिवि र क्याम्पसको नीति निर्माण र व्यवस्थापनमा समस्या आइरहेको छ", उहाँले भन्नुभयो, "त्यसैले हामी जतिसक्दो चाँडो निर्वाचन गर्न आतुर छौँ ।" निर्देशनालयका निर्देशक अधिकारीले स्ववियु निर्वाचनका सम्बन्धमा विद्यार्थी सङ्गठनसँग पनि निरन्तर छलफल गरिरहेको बताउनुभयो । उहाँका अनुसार २०१९ सालबाट त्रिविमा विद्यार्थीको प्रतिनिधित्व हुँदै आएको थियो ।

अनेरास्ववियुका महासचिव समिक वडालले स्ववियु निर्वाचन गर्नका लागि आफ्नो सङ्गठनले स्ववियु निर्वाचन परिचालन विभागसमेत गठन गरेको बताउनुभयो ।

# ऊर्जामन्त्री समक्ष हाइड्रोजन ऊर्जासम्बन्धी प्रतिवेदन पेश

काठमाडौँ, ६ फागुन (रासस) ।

विद्युतीय ऊर्जा उपयोग गरेर हाइड्रोजन ऊर्जा उत्पादन गरी विद्युत्को माग र आपूर्तिमा सन्तुलन कायम गर्ने विषयमा अध्ययन गर्न गठित समितिले शुक्रबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल समक्ष प्रतिवेदन पेश गरेको छ ।

जल तथा ऊर्जा आयोगका सचिव दिनेशकुमार घिमिरेले शुक्रबार मन्त्री भुसाललाई सो प्रतिवेदन पेश गर्नुभएको हो । नवीकरणीय ऊर्जाको स्रोतका रूपमा जलविद्युत्बाट हरित हाइड्रोजन उत्पादन गरी प्रयोगमा ल्याउने विषयमा मन्त्रालयले गत मङ्सिर १ गते जल तथा ऊर्जा आयोगको सचिवालयका सहसचिवको नेतृत्वमा सात सदस्यीय अध्ययन समिति गठन गरेको थियो । सो अध्ययन समितिको सदस्यमा मन्त्रालयका ऊर्जा हेर्ने सहसचिव, विद्युत् विकास विभागका उपमहानिर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका उपकार्यकारी निर्देशक, त्रिभुवन विश्व विश्वविद्यालयका ऊर्जा विशेषज्ञ, काठमाडौँ विश्व विद्यालयका ऊर्जा विशेषज्ञ र जल तथा ऊर्जा आयोगका सिडिइ हुनुहुन्थ्यो ।

शुक्रबार पेश गरिएको प्रतिवेदनमा नेपालले हरित हाइड्रोजन नियमन कानुनी ढाँचा तयार गरेर अगाडि बढ्न पनि सुझाव दिइएको छ । प्रतिवेदनमा भनिएको छ, "पहिले विशिष्ट नीति, रणनीति र मार्ग चित्र बनाउने, विद्यमान सान्दर्भिक कानुनमा आवश्यक परिवर्तन गर्ने र हाइड्रोजनमा विशेष कानुन लागू हुने संरचना तयार गर्नुपर्छ ।" त्यसैगरी नेपालमा हरित हाइड्रोजन उत्पादन गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन

*बाँकी अन्तिम पृष्ठमा*

**नेपाल सरकार**
**कृषि भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्था तथा अभिलेख विभाग**

## भुमि सुधार तथा मालपोत कार्यालय

**राजविराज, सप्तरी** मिति :- २०७८/११/०४

### विषय: ७ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना

**कारि मैरता यादव** दर्ता रहेको साविक **नेगडा** मौजा रै.नं **बोदे बर्साइन** हाल तपसिल बमोजिम नापी भएको जग्गा **श्रेस्ता कायम** गरी प्रमाण-पूर्जा पाउँ भन्ने गा.वि.स./न.पा. **बोदे बर्साईन** वार्ड नं. २ बस्ने **श्री जयनारायण यादव** को द.न. **११३१७** मिति **२०७८/७/३०** मा निवेदन परी **७ दिने** सार्वजनिक सूचना प्रकाशित गर्न मिति **२०७८/१०/२१** मा आदेश भए अनुरुप यो **७** दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता/नामसारी/नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले **७** दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम **श्रेस्ता कायम** गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुर दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| **नेगडा** | ७ | १० | ०-८-१७ | कारि मैरता यादव | |

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्थानीय तह निर्वाचन प्रयोजनका लागि जनशक्ति व्यवस्थापन निर्देशिका स्वीकृत

काठमाडौं, ६ फागुन (रासस)।

निर्वाचन आयोगले आसन्न स्थानीय तह निर्वाचनका लागि बिहीबारदेखि दल दर्ता सुरु गरेको छ। स्थानीय तह निर्वाचन प्रयोजनका लागि बिहीबार आयोगमा तीनवटा राजनीतिक दल दर्ता भएका छन्। सरकारले आगामी वैशाख ३० गते स्थानीय तह निर्वाचनको मिति तोकेको छ।

राजनीतिक दलसम्बन्धी ऐन-२०७३, राजनीतिक दलसम्बन्धी नियमावली-२०७४ तथा प्रचलित सङ्घीय कानूनबमोजिमका प्रावधान पालना गर्ने शर्तमा जनता प्रगतिशील पार्टी नेपाल, सामाजिक एकता पार्टी र नागरिक उन्मुक्ति पार्टी गरी तीनवटा राजनीतिक दल दर्ता भएको आयोगले जनाएको छ।

आयोगमा बिहीबार आयोजित नियमित पत्रकार भेटघाटमा प्रवक्ता शालिग्राम शर्मा पौडेलले हालसम्म दर्ता हुने राजनीतिक दलको सङ्ख्या १०६ पुगेको जानकारी दिनुभयो। यसअघि दर्ता भएका राजनीतिक दललाई निर्वाचन प्रयोजनका लागि यही फागुन १५ गतेभित्र आयोगमा दर्ता गर्न बिहीबार सूचना प्रकाशन गरिएको छ।

आयोगले निर्वाचनमा जनशक्ति परिचालनको कार्यलाई सरल र सहज बनाउनका लागि जनशक्ति व्यवस्थापन निर्देशिका, २०७८ स्वीकृत गरेको छ। सम्बन्धित पालिकामा कार्यरत जनशक्तिलाई सोही पालिकामा स्थापना भएको निर्वाचन अधिकृतको कार्यालयमा परिचालन गरी निर्वाचनलाई मितव्ययी बनाउन प्रयास गरिएको उहाँले बताउनुभयो।

मतपत्र छपाइका लागि आवश्यक पर्ने कागजको स्पेसिफिकेसन र लागत अनुमान स्वीकृत गरी 'ई-बिडिङ'को माध्यमबाट खरिद प्रक्रिया अगाडि बढाइएको तथा मतदान केन्द्रमा प्रयोग हुने बिभिन्न ५३ प्रकारका निर्वाचन सामग्रीको स्पेसिफिकेशन स्वीकृत गरिएको आयोगले जनाएको छ।

यस्तै जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा नियुक्त गर्ने प्रयोजनका लागि न्यायपरिषद्सँग परामर्श गरी तथा न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्ति गर्ने प्रयोजनका लागि न्याय सेवा आयोगसँग परामर्श गरी यही फागुन १५ सम्ममा नामावली उपलब्ध गराउन कानून न्याय तथा संसदीय मामिला मन्त्रालयलाई पत्राचार गरिएको आयोगका प्रवक्ता पौडेलले जानकारी दिनुभयो।

निर्वाचन अधिकृतमा नियुक्ति गर्न नेपाल प्रशासन सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतको नामावली उपलब्ध गराउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग अनुरोध गरिएको उहाँले बताउनुभयो।

स्थानीय तह आर्थिक कार्यविधि, २०७८ तयार गरी सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको आयोगले जनाएको छ। निर्वाचन प्रचार-प्रसार तथा मतदाता शिक्षा कार्यक्रमका लागि आयोगले उत्पादन गर्ने निर्वाचन गीत सन्देशमूलक सन्देश, संवादमूलक सन्देश, लघुकथा आदि लेखनका लागि प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्न सूचना प्रकाशन गरिएको प्रवक्ता पौडेलले जानकारी दिनुभयो। आयोगले उत्कृष्ट सिर्जनालाई पुरस्कृत गर्ने घोषणासमेत गरेको छ।

स्थानीय तहको निर्वाचनमा अन्तर्राष्ट्रिय सहायता प्राप्तिका लागि बुधबार विकास साझेदार समन्वय बैठक सम्पन्न भएको उहाँले जानकारी दिनुभयो। बैठकमा नेपालस्थित विभिन्न २० कूटनीतिक नियोग एवं विकास साझेदारका प्रमुख एवं प्रतिनिधिको उपस्थिति रहेको आयोगले जनाएको छ।

आयोगले 'निर्वाचनमा सबै, सधैं, सँगै' नाराका साथ यही फागुन ६, ७ र ८ गतेसम्म आयोजना हुने छैटौं निर्वाचन दिवस विभिन्न कार्यक्रम आयोजना गरी मनाउन सबैमा अनुरोधसमेत गरेको छ।

# एचआइभी नियन्त्रण गर्न पञ्चवर्षीय रणनीतिक योजना सार्वजनिक

काठमाडौं, ६ फागुन (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राष्ट्रिय एचआइभी रणनीतिक योजना सार्वजनिक गरेको छ। राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले सन् २०२१ देखि २०२६ सम्म पञ्चवर्षीय रणनीतिक योजनाअन्तर्गत एचआइभी सङ्क्रमणलाई नियन्त्रण गर्ने लक्ष्य लिएको छ।

बिहीबार मन्त्रालयका सचिवद्वय डा रोशन पोखरेल र देवकुमारी गुरागाईंले संयुक्तरूपमा सो सार्वजनिक गर्नुभयो। सचिव गुरागाईंले एचआइभी दिगो विकास लक्ष्यमा पुग्नका लागि एचआइभी सङ्क्रमण नियन्त्रण गर्न योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो। उहाँले नेपाल सरकारले एचआइभी नियन्त्रण गर्न लागि परेको र यसमा दातृ निकायको पनि सहयोग आवश्यक भएको बताउनुभयो।

स्वास्थ्य मन्त्रालयका प्रमुख विशेषज्ञ डा गुणराज लोहनीले एचआइभी सङ्क्रमितप्रति समाजले हेर्ने व्यवहारमा परिवर्तन आवश्यक रहेको बताउनुभयो। स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले रणनीतिक योजनाले एचआइभी नियन्त्रण गर्न सहयोग गर्ने बताउनुभयो। उहाँले एचआइभी रोग स्वास्थ्य रोग मात्र नभएर सामाजिक रोग भएकोले सबैको सहयोगबाट नियन्त्रण गर्न सकिने बताउनुभयो।

केन्द्रका निर्देशक डा सञ्जयकुमार ठाकुरले अहिलेको रणनीतिक योजना यसअघिको सन् २०१६ देखि २०२१ रणनीतिक योजनाकै निरन्तरता रहेको भन्दै सन् २०३० सम्म एचआइभी/एड्सको अन्त्य गर्ने लक्ष्य हासिल गर्ने सहयोगी बन्ने बताउनुभयो। उहाँले रणीतिक योजनाअनुसार सन् २०२६ सम्म एचआइभी सङ्क्रमितमध्ये ९५ प्रतिशतमा एचआइभीको अवस्था पहिचान गर्ने, ९५ प्रतिशतलाई उपचारको व्यवस्था गर्ने र ९५ प्रतिशत सङ्क्रमितमा भाइरसको भार न्यूनीकरण गर्ने बताउनुभयो। उहाँले यस रणनीतिक योजनाले नयाँ एचआइभी सङ्क्रमण र एड्सबाट हुने मृत्युदरमा कमी ल्याउँदै एचआइभी सङ्क्रमितको स्वास्थ्य र समग्र अवस्थाको सुधार ल्याउने बताउनुभयो।

योजनामा नयाँ एचआइभी सङ्क्रमणलाई ९० प्रतिशतले कम गर्ने, आमाबाट बच्चामा एचआइभी सङ्क्रमण उन्मूलन गर्ने, जन्मजात भिरङ्गीको केस दर प्रतिलाख जीवित जन्ममा ५० वा सोभन्दा कम गर्ने लक्ष्य राखिएको छ। योजनामा एचआइभी सङ्क्रमित व्यक्तिको स्वास्थ्यसम्बन्धी परिमाणमा सुधार ल्याउने, एचआइभी सङ्क्रमित तथा मुख्य समूहमा एचआइभी सम्बन्धित असमानतामा कमी ल्याउने उल्लेख छ।

यस्तै १५ देखि २४ वर्ष उमेर समूहका युवामा एचआइभी व्याप्तता दर ०.०२० प्रतिशतमा ल्याउने तथा प्रतिएक हजार जनसङ्ख्यामा एचआइभी सङ्क्रमण ०.०२० प्रतिशतमा ल्याउने लक्ष्य राखिएको छ। अहिले १५ देखि ४० वर्ष उमेर समूहमा एचआइभी व्याप्तता दर ०.१३ प्रतिशत रहेको छ। नेपालमा सुईद्वारा लागूऔषध लिनेलगायत मुख्यतः असुरक्षित यौन सम्पर्क गर्ने, यौनकर्मी पुरुष तथा महिला र तिनका ग्राहक, पुरुष समलिङ्गी तथा तेस्रो लिङ्गी, आप्रवासी कामदार र कैदीबन्दी एचआइभी सङ्क्रमणको उच्च जोखिममा छन्। अहिले नयाँ सङ्क्रमण दर प्रवासीमा २५ प्रतिशत, पुरुषसँग

***बाँकी अन्तिम पृष्ठमा***


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

# सन् २०२१ सम्ममा १ लाख ९४ सिरियालीलाई टर्कीको नागरिकता प्रदान

अङ्कारा, ६ फागुन (रासस/सिन्ह्वा)।

टर्कीस सरकारले सन् २०२१ मा मात्र करिब १ लाख ९४ हजार सिरियाली नागरिकलाई टर्कीको नागरिकता प्रदान गरिएको जानकारी दिएको छ। सो सरकारले दिएको जानकारी अनुसार सन् २०२१ सम्ममा टर्कीमा पुगेर शरणार्थीका रुपमा बसिरहेका ती सिरियालीलाई टर्कीको नागरिकता प्रदान गरिएको हो।

टर्कीस् सरकारले बिहीबार विज्ञप्ति प्रकाशन गरेर दिएको जानकारीअनुसार ती एक लाख ९४ हजार नागरिकमध्ये ८४ हजार जनाजति बालबालिका पनि रहेका छन्। सिरियामा गृहयुद्ध सुरु भएपछि त्यहाँका नागरिक छिमेकीलगायतका देशहरुमा शरणा लिन पुगेका छन्। यसरी यहाँका लाखौंलाख नागरिकले देश छोडेर भागेका छन्। यसरी भागेर शरणार्थी बन्न बाध्य भएका नागरिकमध्ये टर्कीमा मात्र ३७ लाख जना रहेका छन्।

टर्कीस् सरकारले त्यहाँ रहेका ३७ लाख सिरियाली नागरिकलाई अस्थायी शरण दिएर राखेको जनाएको छ। उनीहरुले पनि टर्कीस् नागरिकका लागि आवेदन गरेका तर पनि उनीहरु सबैलाई नागरिकता दिन सो सम्भव नभएको समाचारमा जनाइएको छ। सिरियामा सन् २०११ देखि सुरु भएको सरकार विरुद्धको आन्दोलन निकै लामो समयदेखि जारी रहेपछि त्यहाँ यसले गृहयुद्धको रुप लिएको छ।

यहाँ अहिले पनि हिंसा जारी रहेकाले यहाँका नागरिक आन्तरिक रुपमा शरणार्थी बन्ने तथा देश छोडेर भाग्ने क्रम जारी नै रहेको बताएका छन्।

# भारतमा करिब २६ हजार कोरोनाका नयाँ सङ्क्रमित

नयाँदिल्ली, ६ फागुन (रासस/सिन्ह्वा)।

भारतमा पछिल्लो २४ घण्टामा २५ हजार ९२० जना कोरोनाका नयाँ सङ्क्रमित थपिएका सरकारी अधिकारीले शुक्रबार बिहान जानकारी दिएका छन्। यसैसँगै भारतमा कोरोना सङ्क्रमण सुरु भएयता हालसम्म चार करोड २७ लाख ८० हजार ३१५ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ।

सोही अवधिमा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या भने ६६ हजार २५४ रहेको छ। एउटै अवधिमा कोरोनाभाइरसबाट नयाँ सङ्क्रमित भएकाको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घट्दै गएको छ। भारतमा कोरोनाका चार करोड १९ लाख ७७ हजार २३८ जना सङ्क्रमणमुक्त भएका छन्।

अधिकारीका अनुसार, भारतमा अहिले कोरोनाभाइरसबाट सक्रिय सङ्क्रमितको सङ्ख्या दुई लाख ९२ हजार ९२ रहेको छ। कोरोनाभाइरसका कारण भारतमा पछिल्लो एक दिनमा ४९२ को मृत्यु भएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन। यससँगै भारतमा कोरोना सङ्क्रमणको कारण हालसम्म पाँच लाख १० हजार ९०५ को मृत्यु भइसकेको समाचारमा जनाइएको छ।

# अमेरिकी सिनेटले सम्भावित रुसी आक्रमणविरुद्ध युक्रेनलाई समर्थन गर्ने प्रस्ताव पारित

मस्को रसियो, ६ फागुन, (रासस-एएनआई)।

अमेरिकी सिनेटले बिहीबार राति रुसको सम्भावित आक्रमणकोविरूद्ध स्वतन्त्र र प्रजातान्त्रिक युक्रेनको समर्थनमा सर्वसम्मतिले द्विपक्षीय प्रस्ताव पारित गरेको छ। "सिनेटले राजनीतिक, कूटनीतिक र सैन्य समर्थन प्रदान गरेर युक्रेन सरकारको क्षेत्रीय अखण्डता पुनःस्थापना गर्ने निरन्तर प्रयासलाई समर्थन गर्न संयुक्त राज्य अमेरिकाको अटल प्रतिबद्धतालाई पुनः पुष्टि गर्दछ└ ।

प्रस्तावमा अमेरिकी राष्ट्रपति जो बाइडेनलाई युरोपमा शान्ति पुनःस्थापना गर्न युक्रेनमाथि आक्रमण गरेमा रुसले ठूलो मूल्य चुकाउनुपर्ने र त्यसका लागि अमेरिकाले जस्तोसुकै निर्णय पनि लिन आग्रह गरिएको छ।

"यस प्रस्तावमा कुनै पनि कुरालाई (१) युद्धको घोषणा वा रूसी सङ्घविरुद्ध सैन्य बल प्रयोगको लागि प्राधिकरण वा (२) युक्रेनमा संयुक्त राज्य सशस्त्र सेनाको परिचयको लागि प्राधिकरणको रूपमा व्याख्या गर्न सकिँदैन।" एजेन्सीले जनाएको छ। पश्चिमी देशले सीमामा सेना परिचालन गरेको भन्दै रुसले युक्रेनविरुद्ध आक्रमणको तयारी गरिरहेको आरोप लगाउँदै आएका छन्। रुसी रक्षा मन्त्रालयका प्रवक्ता इगोर कोनाशेन्कोभले मङ्गलबार मस्कोले युक्रेनसँगको सीमाबाट आफ्ना केही सेना फिर्ता गरिरहेको बताएका छन्।

रुसले युक्रेनमाथि आक्रमण गर्ने कुनै पनि योजना नरहेको बताउँदै आएको छ। रुसी सिमाना नजिक नाटोको बढ्दो उपस्थितिले आफ्नै सुरक्षालाई खतरामा पारेको उसको बुझाइ छ।

# तीन दिने क्षमता अभिबृद्धि तालिम सुरु




**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

युवाहरुलाई स्वरोजगार र आत्मनिर्भर बनाउने उद्देश्यले सप्तरीमा तीन दिने क्षमता अभिबृद्धि तालिम सुरु भएको छ ।

कृषि ज्ञान केन्द्र सप्तरीको आयोजनामा उक्त तीन दिने तालिमको आयोजना गरिएको हो । कृषि उत्पादनमा बृद्धि तथा बेरोजगारलाई क्षमता अभिवृद्धी, विऊ विजन उत्पादन तथा व्यवस्थापन सम्बन्धि आधारभुत तालिम शूरु भएको छ ।

तालिमको उदघाटन गर्दै प्रमुख जिल्ला अधिकारी जर्नादन गौतमले बेरोजगारी समस्या हल गर्नका लागी कृषिको उत्थान हुनु आवश्यक रहेको बताए । तालिमले कृषि उत्थान र युवालाई आफ्नै गाउँ ठाउँमा काम गर्न मद्दत पुऱ्याउने उनको बताए ।

कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादवले तालिममा सहभागी हुन सय भन्दा बढी आवेदन परे पनि सिमित बजेट र बर्तमान अवस्थालाई हेरी ३५ जनाको मात्र छनौट गरिएको बताए । उनले आवेदकहरु मध्येबाट जिल्लाका १८ वटै स्थानीय तहको प्रतिनिधीत्व हुने गरी ३५ जनाको छनौट गरी तालिम दिने व्यवस्था मिलाइएको जानकारी दिए ।

तालिममा सहभागी भएकाहरुको परिक्षा लिईने र उत्तिर्ण हुनेरुलाई दिईने प्रमाण पत्र (लाईसेन्स) का आधारमा विऊ विजन उत्पादन, विक्री वितरण र व्यवस्थापन लगायतका काम गर्न पाउने उनको भनाई थियो ।

कार्यक्रममा बालि संरक्षण अधिकृत सुब्बालाल मण्डल, दिनेश्वर प्रसाद यादव लगायतले पनि कार्यक्रमको महत्वबारे प्रकाश पारेका थिए । तालिममा सहभागीहरुलाई विऊ विजन गुणस्तर केन्द्र काठमाण्डौका कृषि विज्ञ प्रशिक्षक रचना देव र हरि यादवले प्रशिक्षण दिईरहेको कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ ।

# सत्ता साझेदार दलको बैठक आइतबार पुनः बस्ने

काठमाडौँ, ६ फागुन (रासस) ।

अमेरिकी अनुदान सहयोग एमसिसी सम्झौता टेबल गर्ने तथा बैठक निर्बाध सञ्चालन गर्नेलगायत विषयमा सहमति जुटाउन सत्ता साझेदार दलको बैठक यही फागुन ८ गते आइतबार पुनः बस्ने भएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा शुक्रबार बिहान बसेको सत्ता साझेदारका शीर्ष नेताको बैठक निष्कर्षमा नटुङ्गिएकाले पुनः छलफल गर्न आइतबार बिहान १० बजे बस्ने गरी शुक्रबारको बैठक समाप्त भएको हो ।

शुक्रबारको बैठकमा प्रतिनिधिसभाको बैठक बिनाव्यवधान सञ्चालन गर्ने तथा एमसिसी सम्झौता संसद्मा टेबल गर्नेबारेमा सकारात्मक रूपमा छलफल भएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो । "सत्ता साझेदार दलबीचको छलफल जारी रहेकाले पर्सि हुने बैठकले साझा अवधारणा बनाउने गरी शुक्रबारको बैठक समाप्त भएको छ", उहाँले भन्नुभयो ।

बैठकमा प्रतिनिधिसभाको बैठक नियमित सञ्चालन गर्ने जिम्मेवारी प्रमुख प्रतिपक्षीको समेत रहेकाले हालको गतिरोध अन्त्यका लागि बिहीबार साँझ प्रधानमन्त्री शेरबहादुर देउवाले नेकपा( एमाले)का अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता गर्नुभएको बारेमा जानकारी गराइएको मन्त्री कार्कीले बताउनुभयो । एमसिसी सम्झौता शुक्रबारको संसद् बैठकमा टेबल गर्ने विषयमा सञ्चारकर्मीले सोधेको प्रश्नमा मन्त्री कार्कीले कार्यव्यवस्था परामर्श समितिको शुक्रबारको बैठकले निर्णय गर्ने छ भन्नुभयो ।

बैठकमा प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालसहित सत्ता साझेदारका शीर्ष नेताको सहभागिता रहेको थियो ।

# वैशाखभित्र नयाँ शैक्षिक सत्र : शिक्षामन्त्री

काठमाडौँ, ६ फागुन (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले आगामी वैशाखबाटै नयाँ शैक्षिक सत्र सुरु गरिने र जेठ १ गतेबाट कक्षा सञ्चालन हुने बताउनुभएको छ ।

शान्ति शिक्षा मन्दिर माध्यमिक विद्यालय काठमाडौँ महानगरपालिका-१७ ठहिटीको नयाँ भवनको बिहीबार उद्घाटन गर्दै मन्त्री पौडेलले आगामी तीन वर्षभित्र सबै सार्वजनिक विद्यालयका भवन बनाउने पनि बताउनुभयो ।

"राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममार्फत करिब एक हजार ९०० विद्यालय बनेका छन्", मन्त्री पौडेलले भन्नुभयो, "देशभरका विद्यालयमा के आवश्यकता छ त्यसको आधारमा अब विद्यालयका पूर्वाधार बन्छन् ।", मन्त्री पौडेलले विद्यालय भवनले मात्रै नहुने भन्दै शैक्षिक गुणस्तरका लागि शिक्षक, अभिभावक र विद्यार्थी लाग्नुपर्नेमा जोड दिनुभयो ।

पूर्वाधार निर्माणसँगै 'पढ्दै कमाउँदै' कार्यक्रम अघि बढेकाले केही दिनभित्र अर्थ मन्त्रालयबाट बजेट स्वीकृत गरी निवेदन दिएका विद्यालयमा सोही कार्यक्रम जाने पनि उहाँले बताउनुभयो । शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन विद्यालयमा ल्याब, आइसीटी ल्याबको व्यवस्था गरिएको बताउँदै शिक्षक दरबन्दी र १८ वर्षदेखि रोकिएको आन्तरिक बढुवाको काम अघि बढेको बताउनुभयो । उहाँले सङ्घीय शिक्षा, प्राविधिक शिक्षा, उच्च शिक्षा ऐनको काम मन्त्रालयले सकेर अर्थ र कानुनमा पठाएको दोहोराउनुभयो ।

विसं २०७२ वैशाख १२ गतेको भूकम्पबाट क्षतिग्रस्त भइ नेपाल सरकार र एसियाली विकास बैंकको आर्थिक सहयोगबाट राष्ट्रिय पुनःनिर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन एकाइ ( शिक्षा) को विपद् उत्थानशील विद्यालय परियोजनमार्फत चार करोड १७ लाखमा २२ कोठे भवन बनेको हो ।

# सर्लाहीबाट इ-पासपोर्ट वितरण सुरु

सर्लाही, ६ फागुन (रासस) ।

जिल्ला प्रशासन कार्यालयले इ-पासपोर्ट (विद्युतीय राहदानी) वितरण सेवा थालनी गरेको छ ।

राहदानी विभाग काठमाडौँबाट पहिलोपटक १५६ सेवाग्राहीको इ-पासपोर्ट छापिएर आएपछि सो सेवा सुरु गरेको प्रमुख अधिकारी थानेश्वर गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार तीन सेवाग्राहीलाई इ-पासपोर्ट प्रदान गरी कार्यक्रमको सुरुआत गरिएको हो ।

इ-पासपोर्ट छापिएर आएका अन्य सेवाग्राहीले पनि कार्यालयमा आएर आ-आफ्नो पासपोर्ट लिन सक्ने र आवेदन पेश भएको १५ दिनभित्र सेवाग्राहीलाई इ-पासपोर्ट वितरण उपलब्ध गराइने उहाँले बताउनुभयो । लामो समयसम्म प्रयोगमा रहेको हस्तलिखित पासपोर्टलाई विस्थापित गरेर एमआरपी लागू गरेको राहदानी विभागले करिब ११ वर्ष पछि इ-पासपोर्ट प्रयोगमा ल्याएको छ । विभागले दिने राहदानीमा विद्युतीय चाप हुने र यसमा सम्बन्धित व्यक्तिका विवरण समाविष्ट हुने कार्यालयले जनाएको छ ।

एमआरपीका तुलनामा इ-पासपोर्ट बढी विश्वसनीय र सुरक्षित हुने जनाइएको छ । जिल्लाबाटै सो सेवा पाइने भएपछि सेवाग्राहीलाई काठमाडौँ धाउनुपर्ने बाध्यता अन्त्य भएको छ । साथै धेरै समय पर्खिनुपर्ने बाध्यता पनि हटेको छ ।

### *एचआइभी नियन्त्रण ...*

*एचआइभी नियन्त्रण ...*

यौन सम्पर्क गर्ने पुरुष तथा ट्रान्सजेण्डर व्यक्तिमा १९ प्रतिशत छ । महिला यौनकर्मीमा नौ प्रतिशत, पुरुष यौनकर्मीमा आठ प्रतिशत र सुईबाट लागुपदार्थ लिने व्यक्तिमा दुई प्रतिशत रहेको छ । नेपालमा अहिलेसम्म ३७ हजार ५९६ जना सङ्क्रमित रहेका छन् । सरकारले सन् २०३० को अन्त्यसँगै एचआइभी तथा एड्सको महामारीको पनि अन्त्य गर्ने लक्ष्य लिएको छ ।

### *ऊर्जामन्त्री समक्ष ...*

योजनासहितको मार्गचित्र बनाउन सुझाव दिइएको छ ।

प्रतिवेदनमा छुट्टै निकाय गठन गरेर हाइड्रोजन ऊर्जा उत्पादन गर्न पनि सुझाइएको छ । प्रतिवेदनमा भनिएको छ, "निजी क्षेत्रले लिने व्यापारिक चासोको समग्र सुशासन र नियमनका लागि दीर्घकालीन निकायको रूपमा छुट्टै संस्था गठन गर्नुपर्छ ।" त्यसैगरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई सुरुआतका गतिविधि आरम्भ गर्न, नियामक ढाँचा र हाइड्रोजन उत्पादन पाइलटिङ गर्न प्रमुख भूमिका खेल्न पनि प्रस्ताव गरिएको छ ।

त्यसैगरी प्रतिवेदनमा पहिलो चरणमा नीति निर्माण गर्ने, दोस्रो चरणमा हाइड्रोजन ऊर्जा उत्पादन र प्रयोगलाई व्यावसायिक रूपमा अगाडि बढाउने र तेस्रो चरणमा विश्व बजारमा हाइड्रोजन ऊर्जामा नेपालको उपस्थिति देखाउने गरी अगाडि बढ्न सुझाव दिइएको छ ।

प्रतिवेदन ग्रहण गर्दै ऊर्जामन्त्री भुसालले सरकारले हाइड्रोजनसम्बन्धी नीति बनाउने र त्यसका लागि विज्ञसँग सुझाव लिएर अगाडि बढ्ने विश्वास दिलाउनुभयो । उहाँले आगामी दिनमा देश नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्ने नीतिमा प्रतिबद्ध रहेको उल्लेख गर्दै नयाँ प्रविधिका रूपमा विश्वमा आगाडि आइरहेको हाइड्रोजन ऊर्जा उत्पादन र खपत सम्बन्धमा नेपालले अग्रणी भूमिका निर्वाह गर्न सक्ने अवसर रहेको बताउनुभयो । त्यस अवसरमा जल तथा ऊर्जा आयोगका सचिव घिमिरेले प्राप्त प्रतिवेदन हाइड्रोजन ऊर्जासम्बन्धी नीति निर्माणमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कोभिड संक्रमणबाट सचेत रहौं

- कोरोना संक्रमणको जोखिम कायमै छ ।
- यसले कुनैपनि बेला महामारीको रूप लिन सक्दछ ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं ।
- जमघट तथा भीडभाडमा नजाऔं ।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*